
के तपाईंको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्नें छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २४ ❑ अङ्क २६ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ माघ २६ गते बिहीबार ❑ 9 Feb. 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-

## पोखरामा अन्तराष्ट्रिय हवाई उडान संचालन गर्न पहल गर्छु: मन्त्री जुग्जाली

**पोखरापत्र संवाददाता**
पोखरा, २५ माघ

गण्डकी प्रदेशका उद्योग पर्यटन वन तथा वातावरण मन्त्री रेशम बहादुर जुग्जालीले पोखरामा अन्तराष्ट्रिय हवाई उडान गर्न पहल गर्ने बताएका छन् ।

पोखरा पर्यटन परिषदले बुधबार पोखरामा आयोजना गरेको मन्त्रीको स्वागत तथा सम्मान कार्यक्रममा वोल्दै मन्त्री जुग्जालीले प्रदेशको आर्थिक विकासको एउटा आधार अन्तराष्ट्रिय हवाई उडान गर्नु पनि भएकोले पोखराबाट अन्तराष्ट्रिय उडान गर्न पहल गर्ने बताएका हुन् । प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले उद्घाटन गरेको उक्त विमानस्थलमा अन्तर्राष्ट्रिय हवाई उडान हुनको लागि प्रदेशबासीको समर्थमा प्रधानमन्त्री समक्ष जान समेत आफु तयार भएको मन्त्री जुग्जालीले बताए । पोखराबाट सिधा अन्तराष्ट्रि हवाई उडान गर्न



पोखराका पर्यटन व्यवसायीहरुले माग गरेसंगै उनले यसमा प्रदेशको अधिकार भन्दा माथिको मुद्धा भएकोले यसको पहल गर्न आफु तयार रहेको उनले बताए ।

पोखराबाट अन्तर्राष्ट्रिय हवाई उडान गरेसंगै पोखराको क्षेत्र विस्तार गर्नुपर्ने मन्त्री जुग्जालीको भनाई रहेको छ । पोखरालाई मात्र अब पर्यटनको क्षेत्र सिमित नराखी पोखराको क्षेत्र विस्तार गर्नुपर्ने र पोखरालाई प्रदेशका ११ जिल्लासम्म जोड्नु पर्ने मन्त्री जुग्जालीको भनाई रहेको छ । अहिलेको बजेट बनाउने समयमा प्रदेशले पर्यटन क्षेत्रलाई समृद्धिको पहिलो आधार बनाए पनि बजेट भने १.६८ प्रतिशत मात्र विनियोजन गर्दा पर्यटन क्षेत्रको चाहेर पनि बजेटको कारणले गर्दा पर्यटन प्रबर्द्धन गर्न नसकिने मन्त्री जुग्जालीले बताए । उनले कर्मचारीलाई कटाक्षी गर्दै भने "के अब मन्त्री तथा प्रधानमन्त्रीले सौचालय सरसफाई गर्नु ट्रलीमा ब्रेक हाल्नु लगायतका कुरा पनि भन्न पर्ने हो र ।" अघिल्लो सरकारले घरबास कार्यक्रम(होमस्टे) मा

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

## मानवसेवा आश्रममा जारी महायज्ञमा ४ करोड ५ लाख संकलन

**पोखरापत्र संवाददाता**
पोखरा, २५ माघ

मानवसेवा आश्रमको भवननिमार्ण गर्नको लागि पोखरा २५ स्थित मानव सेवा आश्रममा जारी महायज्ञमा ४ करोड ५० लाख रुपैया संकलन भएको छ ।

यही माघ २७ गतेसम्म चल्ने महायज्ञको बुधबारसम्म उक्त रकम संकलन भएको मानवसेवा आश्रमका कोषाध्यक्ष एवं गण्डकी प्रदेश प्रमुख होमनाथ तिमल्सिनाले बताए ।



महायज्ञमा पोखरा महानगरपालिकाले १ करोड ७१ लाख सहयोग गर्ने भएको उनले जनाए । त्यसै गरी महायज्ञमा पोखराका उद्योगी व्यवसायी एवं पूर्व मन्त्री हरि पाण्डेले ३० लाख ६६ हजार ६ सय ६६, व्यवसायी भिमराज रेग्मीले १० लाख २२ हजार २ सय २२ रुपैया आर्थिक सहयोग गरेको प्रमुख तिमिल्सिनाले बताए । घरपरिवार र आफन्तविहीन भई कष्टप्रद सडक जीवन विताउँदै आइरहेका सहयोगापेक्षी सडक आश्रितहरुको सेवामा समर्पित मानव सेवा आश्रममा सहयोग गर्नेहरुको सङ्ख्या उल्लेखनिय रहेको उनले जनाए । यसैबिच गण्डकी प्रदेश सरकारका सामाजिक विकास तथा स्वास्थ मन्त्री पञ्चराम गुरूङले शुक्रबार महायज्ञको उद्घाटन गरेको मानवसेवा आरुश्रमका प्रमुख संस्थापक एवं केन्द्रीय अध्यक्ष रामजी अधिकारीले बताए।महायज्ञकोप्रमुखवाचकको भूमिकामा मानवसेवा आश्रमका अभिभावक एवं भागवत भाष्कर युवा पण्डित कमल नयन गौतम रहेका छन् । मकवानपुर हेटौंडामा २०६९ सालमा स्थापना भएको मानवसेवा आश्रमले २०७४ साल चैत्र १७ पोखरामा आफ्नो ९ औ शाखाको रुपमा सेवा विस्तार गरेको थियो ।

छोरेपाटन स्थित भाडाको घरबाट सेवा सुभारम्भ गरेको मानवसेवा आश्रलाई पोखरा २५ बाबियातारा हेम्जामा ६३ रोपनी जग्गाश्री लक्ष्मीनारायण सनातन संस्कार प्रतिष्ठानले उपलब्ध गराएपछि मानवता, परोपकार र सामाजिकसेवा अध्ययनको गन्तव्य कै रुपमा विकास गर्ने गरी मानवसेवा आश्रमले निर्माण कार्य अघि बढाएको थियो ।

दश करोड पचहत्तर लाख अनुमानित लागत रहेको मानवसेवा आश्रम पोखरा शाखाको पचास प्रतिशत निर्माण कार्य सम्पन्न भइसकेको छ भने अव भवन निर्माण सम्पन्न गर्न ४ करोड रुपैया आवश्यक रहेको आश्रमले जनाएको छ ।

महायज्ञलाई सम्पन्न गर्न आश्रमका जग्गादाता परिवार सदस्य मोति बहादुर थापा ज्यूको संयोजकत्वमा १००८ सदसीय मूल आयोजक समिति र ३३ विषयगत समितिहरु गठन भएको छ । महायज्ञलाई सफल बनाउन सातै प्रदेशमा रहेका मानवसेवा आश्रमका अभियान्ताहरु पोखरा केन्द्रीत भइरहेका छन् । हरेकदिन विहान ११ बजेदेखी ४ बजेसम्म कथा प्रवचन र झाँकी प्रर्दशन भएको छ भने हरेक दिन साँझ ७ बजेदेखी ९ बजेसम्म सन्ध्याकालिन भजन आयोजना भएको छ ।

## नेपाललाई गरिने सहयोग प्राथमिकतामा छ : युएसआइडी प्रशासक पावर

**रासस**
**काठमाडौं, २५ माघ**

अन्तर्राष्ट्रिय विकासका लागि अमेरिकी नियोग (युएसएआइडी) का प्रशासक सामन्था पावरले संयुक्त राज्य अमेरिकाले नेपाललाई गरिने सहयोग प्राथमिकतामा रहेको बताउनुभएको छ ।

दुई दिने नेपाल भ्रमणको अन्तिम दिन आज यहाँ आयोजित पत्रकार सम्मेलनमा उहाँले अमेरिकाले नेपालसँग कूटनीतिक सम्बन्ध स्थापित भएदेखि नेपाललाई सहयोग गर्दै आएको उल्लेख गर्नुभयो । उहाँले नेपालमा अमेरिकाले गर्ने सहयोगमा कुनै भूराजनीतिक आयाम नरहेको समेत स्पष्ट पार्नुभयो ।

सो अवसरमा प्रशासक पावरले नेपाल भ्रमणका दौरान उहाँले गर्नुभएका विभिन्न उच्चस्तरीय भेटवार्ताका क्रममा भएका विषयबारे जानकारी गराउनुभएको थियो । उहाँले भ्रमणका क्रममा मङ्गलबार नेपाल सरकार, नागरिक समाज र निजी क्षेत्रका नेतृत्वकर्ताहरूमाझ नेपालको लोकतान्त्रिक उन्नतिलाई अघि बढाउन युएसएआइडीले पाँच करोड ८५ लाख अमेरिकी डलर (साढे सात अर्ब रुपैयाँभन्दा बढी) सम्मको सहयोग प्रदान गर्ने घोषणा गर्नुभएको थियो । उक्त घोषणाको

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

## पोखरा स्वच्छ र सफा राख्न नीतिगत पहल गरेका छौँ : महानगर प्रमुख आचार्य

**पोखरापत्र संवाददाता**
पोखरा, २५ माघ

पोखरा महानगरपालिका प्रमुख धनराज आचार्यले सुन्दर र स्वच्छ पोखराको विशेषतालाई जोगाउन महानगरले नीतिगत पहल थालेको बताउनुभएको छ ।

स्वच्छ ऊर्जा नेपालले पोखरामा आयोजना गरेको 'सबैका लागि सुरक्षित र सफा



हावा अभियान र पोखराको साझा अवस्था' सम्बन्धी कार्यशालामा आचार्यले पछिल्लो समय पोखराको वायु प्रदूषण बढेकोप्रति गम्भीर रहेको जनाउँदै स्वच्छ वातावरणका लागि नीतिगतरूपमै कार्यक्रम तय गरेको जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, "हामीले पोखरालाई हरियालीयुक्त सुन्दर र समृद्ध बनाउने नीतिगतरूपमा विभिन्न कार्यक्रम समेटेको कार्यान्वयनका लागि अगाडि बढाएका छौं ।" प्रमुख आचार्यले

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

## जरोटुप्पोमा सम जयन्ती र सम्मान

**पोखरापत्र संवाददाता**
पोखरा, २५ माघ

जरोटुप्पो संरक्षण साहित्य समाज नेपालले नाटयसम्राट बालकृष्ण समको १२१ औं जन्मजयन्ती विविध समारोहका साथ मनाएको छ । संस्थाले रचनावाचन, सम सम्भाषण र सम्मान अर्पणसहित समजयन्ती मनाएको हो ।

कार्यक्रममा साहित्यकार डा. पुष्पा के.सी. भण्डारीलाई १० हजार एकसय राशिसहितको इन्द्र-हुमा स्मृति वाङ्मय सम्मान अर्पण गरिएको हो । भण्डारीलाई कोषका संस्थापक सीता जिसी, वरिष्ठ साहित्यकार सरुभक्त, हरिदेवी कोइराला र सूर्य खड्का बिखर्चीले संयुक्त सम्मान अर्पण गरेका थिए । सरुभक्तले सर्जकको सिर्जनशीलता संख्यामा नभएर गुणात्मकताले स्तर निर्धारण गर्ने बताए । सरुभक्तले नेपाली साहित्यका विराट प्रतिभा बालकृष्ण समको योगदानको जुन रुपमा चर्चा हुनुपर्ने थियो त्यो नभइरहेको धारणा राख्दै जरोटुप्पोले विगतका केही वर्षदेखि सम जयन्ती मनाउन शुरु गरेकोमा यसलाई निरन्तरता दिन समेत आग्रह



गरे । हरिदेवी कोइरालाले जरोटुप्पोले नेपाली माटो र मौलिकतालाई बोकेर अगाडि बढिरहेको देख्दा आफूलाई निकै खुसी लागेको बताइन् । गण्डकी प्रज्ञा प्रतिष्ठानका कुलपति सूर्य खड्का बिखर्चीले आफूँ स्रष्टा साधकको उचित सम्मान र संरक्षणका लागि राज्यसँग सक्दो पहल गरिरहेको बताए । सम्मानित स्रष्टा के.सी.ले आफूलाई सम्मानले थप उत्साह र जिम्मेवारी थपिदिएको बताउँदै संस्थाप्रति आभार व्यक्त गर्दै सम्मानलाई उचित सम्मानपूर्वक राख्न आफूँले प्रयास गर्ने बताइन् । कोषका संस्थापक सविन जिसीले आफ्ना हजुरबुबाआमाका नाममा यसरी सामाजिक कार्य गर्न पाउँदा उहाँले हिजो समाजमा पुऱ्याएको योगदानको स्मरण हुने बताए ।

प्रतिभा छनौट समितिका संयोजक प्राज्ञ कृष्णप्रसाद पौडेलले प्रतिभा छनौट प्रक्रिया र स्रष्टाको परिचय राखेका थिए । पौडेलले 'ग्रामीण विकासमा सामुदायिक वनको भूमिका : लैगिंक दृष्टिकोणबाट विश्लेषण' विषयमा विद्यावारिधि गरेकी भण्डारीलाई समाज, साहित्य र राज्यसेवाका हरेक क्षेत्रमा स्थापित बहुआयामिक व्यक्तित्वका रुपमा चिनाएका थिए । अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज गण्डकीका अध्यक्ष दुर्गाबहादुर शाह बाबा, सामाजिक रुपान्तरणका अभियान्ता भीम रानाभाट, संस्थाका मानार्थ संरक्षक विश्वमोहन गौचनले समको व्यक्तित्व र संस्थाका बारेमा प्रकाश पारेका थिए । कार्यक्रममा गीताञ्जली साहित्यकार रामनाथ अधिकारी सँगी, साहित्यकार रुद्रबहादुर थापा, शोभाकान्त गौडेल, वसन्त चालिसे, लक्ष्मण थापा, शिव त्रिपाठी, तारानाथ पराजुली, छन्दिका त्रिपाठी, अम्बिका भण्डारी, अम्बिकाप्रसाद भट्टराईलगयातले रचनावाचन गरेका थिए ।

संस्थाका अध्यक्ष डा. नारायणप्रसाद अधिकारीले सीताकुमारी जिसी र नाति/बुहारीद्वय सविन/सुमित्रा र अश्विन/कल्पना जिसीको परिवारबाट स्थापना गरिएको १ लाख ६१ हजार एक सय ११ राशिको अक्षयकोषको व्याज रकमबाट संस्थाले उक्त सम्मान अर्पण गरेको बताए । कार्यक्रममा प्रा.डा. यमबहादुर पौडेल क्षत्रीको स्वागत र असफल गौतमको सञ्चालन रहेको थियो ।

सुपथ मूल्यमा आकर्षक छपाई

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# बिटी कपमा प्रिक्वाटरका खेल जारी, आयोजक ह्वाइट क्वाटरफाइनलमा प्रवेश

**पोखरापत्र संवाददाता**
पोखरा, २५ माघ

पोखरामा जारी बुद्धटोल युवा क्लबद्वारा आयोजित १६ औं बिटी कप छैटौं विरेन स्मृति सेभेन ए साइड खुल्ला फुटबल प्रतियोगितामा प्रिक्वाटरफाइनल अन्तरगतका ८ खेल सम्पन्न भएका छन् ।



खेल संयोजक विनोद गुरुङका अनुसार पोखरा महानगरपालिका १ पुरानो टुडिखेल मैदानमा आज (बुधबार) भएको पहिलो खेलमा गन्नी एफसीले हाम्रो एफसीलाई २-० गोल अन्तरले पराजित गर्यो । गन्नी एफसीको जितमा अनिश तामाङ र अर्जुन गुरुङले समान १/१ गोलको योगदान दिए । यस्तै दोस्रो खेलमा विष्णुपादुका क्लबले शितलज्योती युवा क्लबलाई ४-० को फराकिलो गोल अन्तरले हरायो । विष्णुपादुकाको जितमा अंकित गुरुङ र सञ्जय केसीले समान १/१ गोल गरे भने सुबिन श्रेष्ठले २ गोलको योगदान दिए । तेस्रो खेलमा लेकसाइड क्लबले नव प्रतिभा एफसीलाई २-० गोल अन्तरले पराजित गर्दै क्वाटरफाइनलमा प्रवेश गर्यो । लेकसाइडको जितमा सञ्जय बुढाथोकी र विवेक सन्तोषीले समान १/१ गोलको योगदान दिए । त्रिशक्ती क्लब लाहाचोक र सिमपानी एफसीबीच भएको चौथो खेल गोलरहित भएपछि ट्राईबेकरमा ४-३ गोल अन्तरले सिमपानीले जित निकाल्यो ।

यस्तै पाँचौ खेलमा मण्डला एफसी र उद्धब एफसीबीच भएको खेल गोलरहित भएपछि ट्राइबेकरमा ७-६ गोल अन्तरले मण्डला एफसीले जित हासिल गर्यो । छैटौं खेलमा बुन एफसीले माइती गोर्खाज्माथी ३-० गोल अन्तरले सहज जित निकाल्यो । बुन एफसीको जितमा आकाश थपलिया र विशाल सुनारले समान १/१ गोल गरे भने माइती गोर्खाज्को तर्फबाट आत्मघाती १ गोल भएको थियो ।

सातौ खेलमा आयोजक बिटी ह्वाइटले सागर एफसीलाई २-० गोल अन्तरले पराजित गर्यो । आयोजक ह्वाइटको जितमा सुशन गुरुङ र सन्नी गुरुङले समान १/१ गोलको योगदान दिए । बुधबार भएको अन्तिम खेलमा आयोजक बिटी ग्रीनले क्लबमाथी बेलीज् एफसीले ३-१ गोल अन्तरले जित निकाल्यो । बेलीज् एफसीको जितमा कुशल परियार २ गोल र साइमन तामाङले १ गोल गरे भने बिटी ग्रिनका लागि अबिष गुरुङले सान्त्वना १ गोल फर्काएका थिए । खेल संयोजक गुरुङका अनुसार बिहीबारपनि प्रिक्वाटरका ७ खेल हुनेछन् । पोखरा महानगरपालिका १ स्थित पुरानोटुडिखेल बगरमा जारी सेभेन ए साइड फुटबल प्रतियोगिताको फाइनल आगामी फागुन १ गते हुने आयोजकले जनाएको छ ।

# पोखरा वृद्धाश्रममा स्वास्थ्य प्रयोगशाला

**पोखरापत्र संवाददाता**
पोखरा, २५ माघ

पोखरा १७ सीतापाइलामा सञ्चालित पोखरा वृद्धाश्रममा स्वास्थ्य प्रयोगशाला सञ्चालन गरिएको छ । महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको रु चार लाखमा स्थापना गरिएको प्रयोगशालामा विभिन्न सुविधा रहने बताइएको छ ।

गण्डकी प्रदेशका सामाजिक विकास तथा स्वास्थ्यमन्त्री पञ्चराम गुरुङले सो प्रयोगशालाको आज उद्घाटन गर्दै वृद्धाश्रमको विकासमा प्रदेश सरकार जिम्मेवार भएर लाग्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । आश्रमका ज्येष्ठ नागरिक तथा स्थानीय बासिन्दालाई स्वास्थ्य सुविधा पुर्‍याउने उद्देश्यले स्थापना गरिएको प्रयोगशालालाई सुविधा सम्पन्न बनाउँदै आवश्यक जनशक्ति उपलब्ध गराउने विश्वास व्यक्त गर्नुभयो । वृद्धाश्रममा समाजका गरिब, विपन्न तथा असहाय वर्गका ४८ आमाबुबा तथा आठ सेवकसेवीकासहित ५६ जना आवद्ध रहेको आश्रमका अध्यक्ष कुशुमकेशव पराजुलीले जानकारी दिनुभयो । गत आर्थिक वर्षमा सामाजिक विकास मन्त्रालयले ज्येष्ठ नागरिकलाई लाग्ने अल्जाईमर रोग 'स्क्रिनिङ टेष्ट' कार्यक्रम सञ्चालन गर्न रु सात लाख विनियोजन गरेको उहाँले जानकारी दिनुभयो । उहाँले आश्रम हातामा रहेका ज्येष्ठ नागरिकका अतिरिक्त गण्डकी प्रदेशका अल्जाईमर पीडित ज्येष्ठ नागरिकलाई पोखरा वृद्धाश्रममा ल्याएमा निःशुल्क परीक्षण गरिने तयारी भइरहेको बताउनुभयो ।

यसैगरी ज्येष्ठ नागरिक तथा गृहिणीलाई लक्षित गरी विभिन्न १५ थरिका अचार तथा मस्यौरा र गुन्द्रुक बनाउने तालिम सञ्चालन सम्पन्न भएको उहाँले बताउँनुभयो । उहाँले उत्पादीत वस्तु उपयोगका साथै बिक्री वितरण गरी आम्दानीको स्रोतकारूपमा विकास गरिने धारणा राख्नुभयो ।

## पोखरा...

चार ठाउँमा अटोपार्क बनाएर सेन्ट्रलाइज्ड गर्ने, वर्कसपहरूलाई बस्तीभन्दा पाँच सय मिटर टाढा राख्ने र औद्योगिक क्षेत्रका लागि सोह्र सय रोपनी जग्गा नेपाल सरकारको नाममा ल्याएर वडा नं ३३ मा औद्यागिक क्षेत्र स्थापना गर्ने तयारी गरिएको जानकारी दिनुभयो ।

त्यसैगरी महानगरले धेरै पहिले नै ४० माइक्रोनभन्दा तलका प्लाष्टिक प्रयोग नगर्ने भन्ने निर्णय गरेको भए पनि कार्यान्वयन समस्या देखिएको जनाउँदै उहाँले अब त्यसतर्फ पनि चासो दिएको बताउनुभयो । २० वर्षभन्दा पुराना सवारीसाधनको व्यवस्थापन साथै इलेक्ट्रोनिक सवारीसाधनका लागि यातायात व्यवसायीसँग छलफल भइरहेको उहाँको भनाइ थियो । सहरी विकास तथा भवन निर्माण विभागअन्तर्गत सहरी विकास र वातावरण सन्तुलन कायम गरी नागरिकको जीवनयापनमा सुधार ल्याउने कार्यक्रम रहेको र कोइकाको 'रिसाइकिल्ड' र 'अफसाइकिल्ड' करिब रु सात अर्बको वातावरणमैत्री प्राजेक्ट सञ्चालन हुन लागेको र करिब चार हजारलाई रोजगार दिने पनि प्रमुख आचार्यले जानकारी दिनुभयो ।

कार्यक्रममा स्वच्छ ऊर्जा नेपालका प्राविधिक सल्लाहकार डा भूपेन्द्र दासले वायु प्रदूषणका कारण सिर्जित असर र त्यसले मानवीय जीवनमा पारेको असरबारेमा प्रस्तुतिकरण राख्नुभएको थियो । स्वच्छ ऊर्जा नेपालका कार्यक्रम संयोजक वर्षा पराजुलीले दिनप्रतिदिन बढ्दो वायु प्रदूषणले मान्छेको मृत्युदर बढ्दै गएको बताउनुभयो । पछिल्लो अध्ययनले वायु प्रदूषणले मस्तिष्कघात, फोक्सोमा क्यान्सर, चिनीरोग, हृदयघात समस्या बढ्दै गएको देखाएको उहाँले उल्लेख गर्नुभयो । पराजुलीका अनुसार वायु प्रदूषणका कारण वार्षिक विश्वमा ७० लाख मानिसको मृत्यु हुने गरेको र जम्मा एक प्रतिशतले मात्र स्वच्छ हावा लिन पाएको छ ।

नेपालको संविधानको धारा ३० मा हरेक नागरिकले सफा र स्वच्छ वातावरणमा बाँच्न पाउने हकको व्यवस्था उल्लेख छ । राष्ट्रिय वातावरण नीति, २०७६ ले प्रदूषण रोकथाम तथा नियन्त्रणका लागि प्रभावकारी वायु गुणस्तर अनुगमन प्रणालीको विकास, मापदण्ड तर्जुमा तथा कार्यान्वयन, विद्युतीय सवार साधनको प्रयोगलगायतमा जोड दिए पनि कार्यान्वयन हुन नसक्दा वायु प्रदूषण जोखिम बढ्दै गएको कार्यशालामा सहभागीले बताएका थिए ।

सहभागीहरूले स्थानीय तहमा देखिएका समस्या र न्यूनीकरणमा लागि आवश्यक सुझाव प्रस्तुत गर्नुभएको थियो ।

# माओवादी उपाध्यक्षमा सापकोटा र भुसाल

**पोखरापत्र संवाददाता**
**पोखरा, २५ माघ**

नेकपा (माओवादी केन्द्र) ले पूर्वसभामुख अग्नि सापकोटालाई उपाध्यक्ष बनाएको छ । साथै उपमहासचिव पम्फा भुसाललाई पनि बढुवा गरेर उपाध्यक्ष बनाइएको छ ।

माओवादी केन्द्रले आज सर्कुलर जारी गरी सापकोटा र भुसाललाई पार्टी उपाध्यक्षमा बढुवा गरिएको जनाएको छ । यसअघि नारायणकाजी श्रेष्ठ वरिष्ठ उपाध्यक्ष र कृष्णबहादुर महरा उपाध्यक्ष हुनुहुन्थयो । पूर्वसभामुख सापकोटा पार्टीको कुनै पनि जिम्मेवारीमा रहनुभएको थिएन । उपमहासचिवमा भुसालसँगै हरिबोल गजुरेल, जनार्दन शर्मा, वर्षमान पुन, गिरिराजमणि पोखरेल, मातृका यादव र शक्ति बस्नेत रहनुभएको थियो । भुसालको भने बढुवा भएको हो । त्यसैगरी सचिवमा गणेश साह, दीनानाथ शर्मा, चक्रपाणि खनाल, देवेन्द्र पौडेल, लीलामणि पोखरेल, हितराज पाण्डे, हितमान शाक्य, राम कार्की र डिलाराम आचार्य रहनुभएको छ । कोषाध्यक्षमा श्रीराम ढकाल हुनुहुन्छ । अब माओवादी केन्द्रमा पदाधिकारी २२ जना, स्थायी समिति सदस्य ४४ जना, केन्द्रीय समिति सदस्य तीन सय ८६ र वैकल्पिक केन्द्रीय समिति सदस्य दुई सय दुई जना रहनुभएको छ ।

## नेपाललाई...

रकममध्ये चार करोड दुई लाख डलर सन् २०२२ मा घोषित ६५ करोड ९० लाख अमेरिकी डलरको विकास उद्देश्य सम्झौताको एक अंश हो । नेपालमा हालै सम्पन्न आमनिर्वाचनसँगै सङ्घीयता सुदृढ गर्ने, महिला र सीमान्तकृत समुदायको समावेशीकरणलाई अगाडि बढाउने, युवाको सशक्तीकरण गर्ने र लोकतन्त्रले आफ्ना नागरिकका हितमा परिणाम ल्याउन सक्छ भनी देखाउने अवसर नेपालसँग रहेको र यस कार्यमा अमेरिकाको साझेदारी रहने उहाँले उल्लेख गर्नुभयो ।

युएसएआइडीको लगानीले सार्वजनिक वित्तीय व्यवस्थापन, स्वतन्त्र नागरिक समाज तथा सञ्चार माध्यम, लोकतान्त्रिक प्रक्रिया तथा संस्था, कानूनी शासन र निजी क्षेत्र विकासको सुदृढीकरण गरी नेपाललाई आफ्ना लोकतान्त्रिक उपलब्धिहरू मजबुत पार्न र नेपालीका निम्ति अझ बृहत् समृद्धि र उत्थानशीलता भित्र्याउन मद्दत गर्नेछन् ।

मानव बेचबिखन विरुद्ध लड्न नेपाललाई सहयोग गर्न पनि युएसएआइडीले जारी राख्ने जनाएको छ ।

## पोखरामा...

राज्यको ठुलो रकम विनियोजन गरे पनि अझै प्रश्न उठ्न लागेको बताउदै मन्त्री जुग्जालीले ३ सय ३४ वटा प्रदेशका होमस्टेलाई अब व्यबस्थित ढंगले कम्तिमा पछि १ सय ५० मा झारेर राम्रो ढंगले संचालन हुने वातावरण गर्ने बताए । होमस्टेको उद्देश्य अनुसार अब होमस्टेलाई नियमन र अनुगमन तथा अनुदान जस्ता बिषयमा सरकार गम्भिर हुने उनले बताए ।

पोखरामा करिब ४७ बर्ष पछि पोखरा अन्तराष्ट्रिय विमानस्थल निर्माण भए पनि हाल उद्घाटन भएको करिब डेढ महिना बित्दासम्म पनि उक्त विमानस्थलबाट अन्तराष्ट्रिय रुपमा एउटा पनि उडान गर्न नसक्नु निकै दुःख लाग्दो कुरा भएको परिषदका पूर्व अध्यक्ष गणेश बहादुर भट्टराईले गुनासो गरे । उनले भने "पोखरामा अन्तर्राष्ट्रिय विमानस्थल निर्माण पछि यहाँको पर्यटन प्रबर्द्धन गर्न भनी निजी व्यवसायी प्रतिष्ठानहरुले अबौं लगानी गरेकोले लगानीको सुरक्षाको लागि पनि अब अन्तर्राष्ट्रिय हवाई उडान गर्नु पर्छ, अन्यथा जसरी पोखरामा अन्तराष्ट्रिय विमानस्थल चाहिन्छ भनेर सुरुमा अनसन बसिएको थियो अब फेरी अन्तराष्ट्रिय हवाई उडान गर्नको लागि अनसन बस्न नपरोस ।"

पोखरा अन्तर्राष्ट्रिय विमानस्थलका प्रमुख बिक्रम गौतमले फेब्रोअरी २३ अर्थात फागुन ११ गते देखि उपकरणको आधारमा रातिको समयमा पनि पोखराबाट रात्रिकालिन हवाई उडान हुने तयारी गरिएको बताए । पोखरामा अन्तराष्ट्रिय बजारको लागि राम्रो प्रोडक्ट पोखरा अन्तराष्ट्रिय विमानस्थल निर्माण भएकोले त्यसको लागि आवश्यक पर्ने सम्पूर्ण प्रविधि तथा तथा जनशक्ति तयारी अबस्थामा रहेको उनले जनाए । पोखराबाट अन्तराष्ट्रिय हवाई उडानको लागि भने थाई, फ्लाई, जजीरा सहित नेपालको बुद्ध लगायतका एयरलायन्स कम्पनीले चासो र सोधपुछ गरेको प्रमुख गौतमले जनाए ।

नेपाल पर्यटन वोर्ड गण्डकी प्रदेश कार्यालयका प्रमुख काशीराज भण्डारीले पोखरामा हवाई दुर्घटनाको बिषयले नेपाल आउने विदेशी पर्यटक हवाई मार्ग हुदै आउन केहीले नमानेकोले सकरात्मक सन्देश प्रवाह गर्नु पर्ने बताए । पोखरामा हाल पर्यटक प्रायः शुन्य जस्तै अबस्थामा रहेको पर्यटन व्यवसायी कृष्ण आचार्यले पोखरापत्रलाई बताए ।

परिषदका अध्यक्ष पोमनारायण श्रेष्ठको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा टान गण्डकी प्रदेश अध्यक्ष धर्मराज पन्थी, जलयात्रा व्यवसायी निम बहादुर मगर, पषिदका पूर्व अध्यक्ष केदार शर्मा, नेपाल टुरिजम एण्ड होटल म्यानेजमेन्ट कलेजका प्रमुख प्रकाश रेग्मी, पर्यटन व्यवसायी दीपकराज मिश्र, बाबुराम पाण्डे, पत्रकार महासंघ कास्कीका अध्यक्ष विमला भण्डारी लगायतले पोखराको पर्यटन प्रबर्द्धन गर्न पोखराको क्षेत्र विस्तार गरी गुणस्तरिय सेवा दिनुपर्ने, खोला नालामा स्वस्थ पानी, पोखरा आउने सडक थप सहज बनाउनु पर्नेमा जोड दिए ।

**सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।**

◆ सार्वजनिक सम्पत्तिको अतिक्रमण नगरौं ।
◆ सार्वजनिक सम्पत्ति स्याहार संभार गरी सार्वजनिक काममा प्रयोग गरौं ।
◆ सार्वजनिक सम्पत्तिको संरक्षण गर्नु सबैको कर्तव्य हो ।
◆ सार्वजनिक सम्पत्तिको अतिक्रमण र हानिनोक्सानी कानूनी रुपमा दण्डनीय हुन्छ ।
◆ सार्वजनिक सम्पत्तिको अतिक्रमण वा हानिनोक्सानी हुँदा सम्बन्धित निकायमा जानकारी गराउनु नागरिकको कर्तव्य हो ।

नेपाल सरकार
विज्ञापन बोर्ड

**प्यारालाइसिसका बिरामीको उपचार**

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्कः
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

**के तपाईमा यौनसम्बन्धी समस्या छ**

पुरुषमा देखिने :
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

महिलाहरुमा देखिने :
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्बन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय : प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म


सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

**कपालको उपचार**

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?



● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।

सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

**सुक्तिसुधा**

आम्दानी भन्दा खर्च बढी गरे कुबेर पनि गरीब हुन्छ ।
–चाणक्य

## सम्पादकीय

# आर्थिक अवस्थाबारे बहस थाल

नेपाल राष्ट्र बैङ्कले हालै सार्वजनिक गरेको चालू आर्थिक वर्षको छ महिनाको आर्थिक प्रतिवेदनले अर्थतन्त्रका केही परिसूचक सुधार भएको छ। विप्रेषण बढ्न थालेकोछ। शोधनान्तर स्थिति अनुकूल हुँदै गएको र कुल विदेशी मुद्रा सञ्चितिमा सुधार आएको छ। गत असार मसान्तसम्म १२ खर्ब १५ अर्ब ८० करोड रुपियाँ रहेको कुल विदेशी विनिमय सञ्चिति छ महिनामा १० प्रतिशतले वृद्धि भएर पुस मसान्तसम्म १३ खर्ब ३७ अर्ब २९ करोड रुपियाँ पुगेको छ। देशले १० महिनाभन्दा बढीको वस्तु तथा सेवाको आयात धान्न सक्नेछ।

यस तथ्याङ्कले विगत केही महिनाको दाँजोमा विदेशी विनिमयको सञ्चिति तथा आयात धान्ने क्षमतामा उल्लेखनीय रूपमा वृद्धि भएको अवस्था प्रस्ट छ। आयातमा आधारित नेपाली अर्थतन्त्रमा विदेशी मुद्राको सञ्चितिले ठूलो अर्थ राख्छ र यसले अर्थतन्त्रको आत्मविश्वासलाई बलियो बनाउँछ । मङ्सिर मसान्तसम्म करिब ३८ अर्ब रुपियाँले घाटामा रहेको चालू खाता पुस मसान्तमा घटेर साढे २९ अर्ब रुपियाँको हारहारीमा झरेको छ। यसैगरी मुलुकको शोधनान्तर स्थितिमा समेत उल्लेख्य सुधार आएको देखिएको छ। मङ्सिर मसान्तसम्म ४५ अर्ब ८७ करोड रुपियाँ बचत रहेको शोधनान्तर स्थितिमा एक महिनाकै अवधिमा ५२ अर्ब रुपियाँले सुधार आएर ९७ अर्ब रुपियाँभन्दा माथि पुगेको छ।

अघिल्लो पुस मसान्तमा शोधनान्तर स्थिति २९ अर्ब ४७ करोड रुपियाँले घाटामा रहेकोमा अहिलेको स्थितिलाई सुधारात्मक तथा उत्साहजनक रूपमा लिनुपर्छ। नेपाली अर्थतन्त्रको आधारस्तम्भको रूपमा रहँदै आएको विप्रेषण आप्रवाहमा समेत २४ प्रतिशतले वृद्धि भएको छ। मङ्सिर मसान्तमा चार खर्ब ८० अर्ब रुपियाँ रहेको विप्रेषण आप्रवाह बढेर पुस मसान्तमा पाँच खर्ब ८५ अर्ब रुपियाँ पुगेको तथ्याङ्क छ। यसैगरी चालू आर्थिक वर्षको पुस मसान्तसम्म विभिन्न सरकारी खातामा करिब दुई खर्ब रुपियाँ नगद मौज्दात रहेको स्थिति छ। चालू आर्थिक वर्षको पहिलो छ महिनामा वैदेशिक व्यापार भने सन्तोषजनक छैन। निर्यातमा सुधार हुन सकेको छैन। निर्यातमा ३२ प्रतिशतले ह्रास आएर ८० अर्ब रुपियाँमा सीमित भएको छ। यो चिन्ताको विषय हो। अघिल्लो वर्ष सोही अवधिमा ९५ प्रतिशतले वृद्धि भएको निर्यात अहिले आएर ह्रास हुनुको कारण सबै पक्षले खोज्नु जरुरी देखिन्छ। महँगीको अवस्था अझै उच्च छ।

पुस महिनामा मुद्रास्फीति दर बढेर सात दशमलव २६ प्रतिशत पुगेका कारण सर्वसाधारणलाई जीवनयापन गर्न निकै कठिनाइ भइरहेको छ। मूल्य वृद्धिका कारण सामान्य जनता निकै मारमा परिरहेका छन्। खाद्य तथा पेय पदार्थका अतिरिक्त गैरखाद्य तथा सेवा समूहको मुद्रास्फीतिमा भएको वृद्धिले दैनिक जीवनयापन महंगो बनेको छ। समग्र आर्थिक अवस्थाको बारेमा बहस हुनुपर्नेमा कसैको ध्यान नजानु विडम्बना हो। मुद्रास्फीतिका कारण महँगो हुँदै गएको बजार भाउ नियन्त्रणका निम्ति सरकारले प्रभावकारी भूमिका निर्वाह गर्नु जरुरी छ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : आर्थिक समस्या | तुला | : कार्यमा सफलता |
| वृष | : मानसिक तनाव | वृश्चिक | : मन चञ्चल |
| मिथुन | : शारीरिक झमेला | धनु | : सहयोग मिल्नेछ |
| कर्कट | : व्यापारमा लाभ | मकर | : सत्कार मिल्नेछ |
| सिंह | : शत्रुको भय | कुम्भ | : सम्मान मिल्नेछ |
| कन्या | : झमेला बढ्ने | मीन | : अप्रत्यसित लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# गण्डकी स्पोर्ट्स क्लबमा उमेश

पोखरापत्र संवाददाता
पोखरा, २५ माघ

गण्डकी स्पोर्ट्स क्लबको हालै भएको साधारणसभाले उमेश सिकेको अध्यक्षतामा नयाँ कार्यसमिति निर्वाचित गरेको छ।

उपाध्यक्षमा दीपकराज मुल्मी, सचिव कपिलदेव शर्मा, सहसचिव सन्तोष बानियाँ, कोषाध्यक्षमा सचिन गुरुङ र सहकोषाध्यक्षमा सुमन ताम्राकार छन्।

सदस्यमा जयप्रकाश थापा, कृष्णबहादुर थापा, राजु कायस्थ, मिलन पुन, इनोज रञ्जित, द्रव्यजंग राणा, चेतनाथ चालिसे, अनिरुद्ध उदास, दमनजंग राणा, सुरेश बजिमय, मनोजकुमार गुरुङ, गोविन्द प्रधान, गुमबहादुर थापा( इमान), सुन्दरकुमार थापा र राजकुमार गुरुङ छन्। ०५५ बाट खेलकुदका गतिविधिमा सक्रिय यो क्लबले स्वर्गीय नरकाजी गुरुङ स्मृति कप आयोजना गरेको थियो। क्लबले क्षेत्रीय स्तरमा ४ संस्करणसम्म क्रिकेट प्रतियोगिता आयोजना गरिसकेको छ। बुद्ध जयन्तीको अवसरमा क्लबले ४ पटक जिल्ला स्तरीय फुटबल प्रतियोगिता आयोजना गरिसकेको छ। नवनिर्वाचित अध्यक्ष सिकेले खेलकुदका गतिविधिलाई जनस्तरसम्म पुऱ्याउन विभिन्न गतिविधि गर्ने प्रतिवद्धता गरे। उनले भने, 'विगतमा हामीले फुटबल, क्रिकेट, भलिबल प्रतियोगिताहरु गरिसकेका छौं। यसलाई अझ व्यवस्थित बनाउँदै स्पोर्ट्स एकेडेमीको अवधारणामा अघि बढ्ने छौं।' भावी दिनमा महिला र बालबालिका केन्द्रीत प्रतियोगिता र खेलकुद गतिविधिसमेत गर्ने उनको भनाइ छ।




# प्रवासी नेपालीको सहयोगमा पदमार्ग

पोखरापत्र संवाददाता
बागलुङ, २५ माघ

बागलुङको काठेखोलामा प्रवासी नेपालीको सहयोगमा पदमार्ग निर्माण गरिँदै छ। विदेशमा रहेका काठेखोला गाउँपालिका–५ र ६ बिहुँका बासिन्दाले पदमार्ग निर्माणका लागि आर्थिक सहयोग गरेका हुन्।

वैदेशीक रोजगारीमा रहेका उनीहरुले पदमार्गका साथै सामुदायिक भवन, विद्यालय तथा पर्यटन प्रवर्द्धनका लागि विभिन्न संरचना निर्माण गर्न आर्थिक सहयोग गर्दै आएका छन्। अहिले उनीहरुकै सहयोगमा बागलुङको प्रसिद्ध धार्मिकस्थल त्रिपुरेश्वर महादेव मन्दिर जोड्ने पर्यटकीय पदमार्ग निर्माण भइरहेको छ।

पदमार्ग निर्माणमा हालसम्म रु ६० लाख खर्च भएको छ। प्रवासीको सहयोगमा एक किलोमिटर पदमार्ग निर्माण भएको निर्माण समितिका अध्यक्ष खगराज कँडेलले जानकारी दिनुभयो। "मन्दिरसम्म पुग्न सहज होस भनेर पदमार्ग निर्माण गरिएको हो", उहाँले भन्नुभयो। काठेखोला–६ शान्तिचोकदेखि हटिया गाउँ हुँदै मन्दिरसम्म पदमार्ग निर्माण भइरहेको छ। निर्माणका लागि स्थानीयले जनश्रमदान गर्दैछन्। राष्ट्रिय गौरवको आयोजना मध्यपहाडी लोकमार्गको छेउमै रहेको उक्त मन्दिरमा आन्तरिक तथा भारतीय पर्यटकसमेत आउने गरेका छन्। पदमार्गबाट पर्यटकलाई मन्दिर पुग्न सहज हुने स्थानीय शिव कँडेलले बताउनुभयो।

पदमार्गमा स्थानीय स्लेट (ढुङ्गा) बिच्छाइएको छ। यहाँबाट धौलागिरि, माछापुच्छ्रे, अन्नपूर्णलगायत हिमाल देख्न सकिन्छ। बागलुङ बजारदेखि करिब एक घण्टामा यहाँ पुग्न सकिन्छ। मन्दिर नजिकै गुरुकुल सञ्चालनको योजना रहेको स्थानीय नरहरी सापकोटाले बताउनुभयो।

# छ महिनामा चार सय ३५ उद्योग दर्ता

पोखरापत्र संवाददाता
दमौली, २५ माघ

चालू आर्थिक वर्षको छ महिनामा तनहुँमा चार सय ३५ उद्योग दर्ता भएका छन्। पर्यटन तथा उद्योग कार्यालयमा आव ०७९/८० को छ महिनाको अवधिमा चार सय ३५ उद्योग दर्ता भएका हुन्।

सो अवधिमा सेवामूलक, उत्पादनमूलक, कृषि तथा वन वातावरण, पर्यटन उद्योग दर्ता भएको कार्यालय प्रमुख अविनाश कुँवरले जानकारी दिनुभयो। तीमध्ये ३४ उत्पादनमूलक, दुई सय ६७ कृषि तथा वन पैदावार, एक पूर्वाधार, ७० पर्यटन, एक सूचना प्रविधि र ६२ सेवामूलक उद्योग दर्ता भएका हुन्।

जिल्लामा कृषि र पशुपालनमा युवाको आकर्षण बढेसँगै कृषिसम्बन्धी उद्योग दर्ता बढेको उहाँको भनाइ थियो। "वैदेशिक रोजगारीबाट फर्किएका युवाहरू पशुपालनतर्फ आकर्षित भएका छन्", प्रमुख कुँवरले भन्नुभयो, "यसले गर्दा कृषि तथा वन पैदावरमा आधारित उद्योगको दर्ता बढाएको छ।" कृषि तथा वनजन्यतर्फ दुग्ध डेरी, गाईपालन, बाख्रापालन, कुखुरापालन, मौरीपालन, माछापालन र तरकारी खेतीतर्फ आकर्षण बढ्दो छ। वाणिज्यतर्फ सोही अवधिमा दुई सय ९२ नयाँ व्यवसाय दर्ता भएका छन्। आर्थिक वर्ष ०७८/७९ मा जिल्लामा पाँच सय ७९ उद्योग दर्ता भएका थिए। यसैगरी आव ०७७/७८ मा दुई हजार एक र ०७६/७७ मा तीन हजार पाँच सय १५ उद्योग थपिएको थियो। उक्त कार्यालयले गत आर्थिक वर्षमा जिल्लाका एक सय ६२ फार्म खारेज गरेको थियो। सञ्चालनमा नरहेका र खारेजका लागि निवेदन परेपछि ती फार्म खारेज गरेको कार्यालयले जनाएको छ।

रु एक लाखसम्म पूँजी भएको उद्योगले रु एक हजार एक सय, तीन लाखसम्म पूँजी भएको उद्योगले रु तीन हजार एक सय, रु पाँच लाखसम्म पूँजी भएको उद्योगले रु छ हजार एक सय, रु ५० लाखसम्म पूँजी भएको उद्योगले रु १२ हजार एक सय, रु एक करोडसम्म पूँजी भएको उद्योगले रु २० हजार एक सय, रु पाँच करोडसम्म पूँजी भएको उद्योगले रु ३० हजार एक सय र रु पाँच करोडभन्दा माथि पूँजी भएको उद्योगले रु ५० हजार एक सय १० दर्ताबापत शुल्क बुझाउनुपर्छ।

# 'बुस्टर डोज' खोप फागुन १ गते ल्याइँदै

रासस
काठमाडौं, २५ माघ

कोरोना भाइरस सङ्क्रमण विरुद्धको अतिरिक्त मात्रा खोप (बुस्टर डोज) आगामी फागुन १ गते नेपाल ल्याइने भएको छ।

सरकारलाई 'भ्याक्सिन र खोपका लागि ग्लोबल एलायन्स' (गाभी)ले फागुन १ र ४ गते खोप आउने निश्चित गरेको जानकारी दिएको छ। यसअघि गाभीले खोप पठाउने भने तापनि कुन मितिमा भन्ने यकिन भएको थिएन। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको स्वास्थ्य सेवा विभागको परिवार कल्याण महाशाखाको बालस्वास्थ्य तथा खोप शाखाका प्रमुख सागर दाहालले तीनपटक गरी खोप आउने बताउनुभयो। उहाँका अनुसार पहिलो पटक फागुन १ गते र दोस्रो पटक फागुन ४ खोप आउनेछ भने तेस्रो पटकको मिति अझै तोकिएको छैन। उहाँले तीन पटकमा १५ लाख मात्रा खोप आउने बताउनुभयो।

छिमेकी देश भारत र चीनमा कोरोना भाइरसको सङ्क्रमण फैलिँदै गएपछि सरकारले 'गाभी' ३० लाख मात्रा खोप माग गरेको हो। पहिलो चरणमा १५ लाख मात्रा खोप आउने उहाँले बताउनुभयो। गाभीले कोभ्याक्स सुविधामार्फत नेपाललाई बुस्टर डोजका लागि फाइजरको बाइभ्यालेन्ट खोप उपलब्ध गराउन थालेको हो। छिमेकी मुलुक भारत र चीनमा विएफ ७ नामक प्रजातिको नयाँ भेरियन्ट फैलिन थालेपछि मन्त्रालयले बुस्टर खोप लगाउन छुटेका सबैलाई खोप लगाउन आग्रह गरे पनि अहिले सङ्क्रमण घटेको छ।


आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो॥

## हार्दिक समवेदना



जन्मः २०४४/०१/०२ गते

स्व. हेम बहादुर जोगी

स्वर्गारोहणः २०७९/१०/१४ गते

स्वरोजगार निर्माण व्यवसाय समितिका आजिवन सदस्य एवं स्वरोजगार मिक्चर सेवा उपसमितिका सेयर सदस्य उदयपुर लेखगाउँ घर भइ हाल पोखरा–१६, बाटुलेचौर निवासी **हेम बहादुर जोगी**को ३५ वर्षको उमेरमा भएको असामयिक निधनले हामी अत्यन्तै मर्माहत र स्तब्ध भएका छौं। उहाँको स्वर्गारोहण भएको आज १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं। साथै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनप्रति धैर्य धारण गर्ने शक्ति ईश्वरले प्रदान गरुन् भनि हार्दिक समवेदना प्रकट गर्दछौं।

**विर बहादुर तामाङ**
अध्यक्ष एवम्
**स्वरोजगार मिक्चर सेवा उपसमिति परिवार**

**रमेश सि.के.**
अध्यक्ष एवम्
**स्वरोजगार निर्माण व्यवसाय समिति परिवार**


## प्रदेश सरकार
## सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
## प्रदेश संग्रहालय
**पोखरा, गण्डकी प्रदेश, नेपाल**

## सूची दर्ता सम्वन्धमा

**प्रथम पटक प्रकाशित मिति २०७९/१०/२६**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १८ मा व्यवस्था भए अनुसार आ.व २०७९/०८० का लागि यस कार्यालयको वार्षिक स्वीकृत कार्यक्रम अनुसार गण्डकी प्रदेशमा रहेका धार्मिक ऐतिहासिक साँस्कृतिक सम्पदाहरुको वृत्तचित्र निर्माण प्रयोजनका लागि आवश्यक खरिद विधि अबलम्बन गर्न मौजुदा सूचि तयार गर्नुपर्ने भएको हुँदा सोहि नियमावलीको नियम ७२ (१) प्रयोजनका लागि इच्छुक सम्बन्धित इजाजत प्राप्त फर्महरुहरुले तपशिलमा उल्लेखित कागजात सहित सूचना प्रकाशन भएको मितिले ७ दिनभित्र सूची दर्ता गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ। म्याद नाघि आएको निवेदन उपर कुनै कारवाही हुने छैन।

**तपशिलः**

१. फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी
२. मु.अ.कर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी
३. आ.व. ०७८/०७९ को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी

# एनएमबी लघुवित्तले ल्यायो किसान लक्षित कार्यक्रम

**पोखरापत्र संवाददाता**
**पोखरा, २५ माघ**



एनएमबी लघुबित्त वित्तीय संस्था लिमिटेडले सम्पत्ती शुद्धकरण निवारण लगायतको कर्मचारी क्षमता अभिबृद्धि तालिम रणनीतिक योजना तर्जुमा गर्न तीन दिवसीय तालिम कार्यक्रम हालै पोखरामा सम्पन्न गरेको छ।

सातवटै प्रदेशका प्रादेशिक कार्यालयका प्रमुखहरु, क्षेत्रिय व्यवस्थापकहरु, मध्य तथा उच्च व्यवस्थापनका सदस्यहरु सम्मिलित उक्त कार्यक्रममा संस्थाले कृषकहरुको सबै आवश्यकता सम्वोधन हुने गरी किसान श्रृंखलाको कर्जाहरुसार्वजनिक गरेको छ । संस्थाका प्रमुख कार्यकारी अधिकृत (सिइओ) आनन्द पाण्डेले लघुवित्तबाट कर्जा लिएकै कारण कृषकहरु थप गरिब हुन नहुने नारा सहित किसान श्रृंखला अन्तरगत विभिन्न कर्जाहरु ल्याइएको बताउनुभयो । नाफा मुलक परियोजनाको पहिचान गरि लगानीलाई पूर्ण सदुपयोग गरेको खण्डमा कृषकको आयस्तर बढ्नुका साथै कर्जा भुक्तानीमा कहिले समस्या नआउने उहाँले थप्नु भयो। संस्थाले प्रत्येक कर्जालाई बीमाको माध्यमबाट थप सुरक्षित बनाउने योजना रहेको छ। थप जानकारी लिने क्रममा, संस्थाका प्रमुख व्यवसाय अधिकृत कमल पोखल संग बुझ्दा कृषकको आत्मा सम्मान सुनिश्चीत गरी परियोजनालाई सफलता पुर्वक कार्यान्वयन हुने गरि किसान आत्मनिर्भर कर्जा, पूर्ण रुपमा कृषिमै आधारित आयमा निर्भर भए पनि पर्याप्त कृषि योग्य जग्गा नभएको कारण ज्याला मज्दुरी गर्न बाध्य रहेका किसानहरुलाई खेतियोग्य जग्गा खरिद गर्न किसान स्वाभिमान कर्जा साथै कृषि पूर्वाधार निर्माण, वातावरण संरक्षण, आकस्मिक पैंचो गरी संस्थाले यो श्रृंखला अन्तरगत पाँचवटा कर्जाहरु प्रोडक्टहरु ल्याएको जानकारी दिनु भयो । आगामी १५ दिन भित्र संस्थाका सबै कर्मचारीहरुलाई यस श्रृंखला अन्तरगतका कर्जाहरुको तालिम सम्पन्न गरि यो योजना पूर्ण रुपमा लागु गर्ने संस्थाले लक्ष्य लिएको छ।

# आप्रवासन कार्यक्रमलाई निरन्तरता दिइने

**पोखरापत्र संवाददाता**
**बागलुङ, २५ माघ**

सुरक्षित आप्रवासन कार्यक्रम तथा भावी योजनासम्बन्धी स्थानीय सरकारका पदाधिकारीसँगको अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ।

कार्यक्रममा परियोजनाको समय सकिएपछि पनि पालिका तहमा यसलाई निरन्तरता दिने विषयमा छलफल भएको हो।

सामी परियोजनाले यहाँ आयोजना गरेको कार्यक्रममा कार्यक्रम लागू भएका चार पालिका तथा नभएका अन्य पालिका प्रमुखहरूको सहभागिता थियो । कार्यक्रममा वैदेशिक रोजगारीमा गएका व्यक्तिको सुरक्षामा सबै पालिकाले चासो बढाउनुपर्ने सहभागीहरूले बताउनुभयो । हाल लागू भएको कार्यक्रम आगामी २०८१ असारपछि अन्त्य हुने भए पनि पालिकाले निरन्तरता दिनुपर्ने परियोजनाको आप्रवासी स्रोत केन्द्रका संयोजक मीनप्रसाद उपाध्यायले बताउनुभयो।

कार्यक्रममा परियोजनाका भक्त राई, शिव रेग्मीलगायतले प्रस्तुतिकरण गर्दै पालिकाले आजैदेखि योजना बनाएर स्रोत केन्द्र सञ्चालनको थालनी गर्न आग्रह गर्नुभएको थियो । पालिकाले वार्षिक रू ११ लाख लगानी गर्नुपर्ने प्रारम्भिक अध्ययन प्रतिवेदनमा उल्लेख छ। परियोजना बागलुङ, गलकोट र जैमिनी नगरपालिका तथा काठेखोला गाउँपालिकामा सञ्चालित छ। परियोजना लागू नभएको बडिगाड गाउँपालिकाकी अध्यक्ष गण्डकी थापा अधिकारीले कार्यक्रमको आवश्यकतामाथि जोड दिँदै आफ्नै लगानीमा भएपनि कार्यक्रम सञ्चालन गर्नुपर्ने बताउनुभयो । केन्द्रका अनुसार चालु आवको पुस मसान्तसम्म सात हजार ६ सय ४१ जनालाई परियोजनाले परामर्श दिएको छ । वैदेशिक रोजगारीमा जाँदा सिप नसिकी गएमा हुने मृत्यु तथा अन्य समस्या र परिवारमा आउने विचलनबारे परामर्श, आवश्यक तालिम र राहत वितरणलगायतका काम गर्दै आएको संयोजक उपाध्यायले बताउनुभयो।

# अब प्रहरीले चिसो भुइँमा सुत्नु पर्दैन

**पोखरापत्र संवाददाता**
**बागलुङ, २५ माघ**

बागलुङमा एक प्रहरी एक म्याट्रेस कार्यक्रमअन्तर्गत सबै प्रहरीलाई सुत्न म्याट्रेसको व्यवस्था गरिएको छ।

जिल्लामा खटिएका सबै प्रहरीलाई पुग्ने गरी सबै स्थानीय पालिकाको सहयोगमा म्याट्रेस उपलब्ध गराइएको हो । एक प्रहरी एक म्याट्रेस कार्यक्रमअन्तर्गत जिल्ला प्रहरी कार्यालयलाई दस पालिकाको तर्फबाट तीन सय ८९ थान म्याट्रेस प्राप्त भएको छ।

जिल्लाका दुर्गमस्थानका प्रहरी युनिटमा आवाससँगै म्याट्रेसको समस्या थियो भने केही स्थानमा प्रहरीहरू रित्तो खाटमा बस्नुपर्ने बाध्यता थियो। विभिन्न क्षेत्रमा खटिएका प्रहरी सरुवा हुँदा म्याट्रेस लिएर आउनुपर्ने कार्य आउने कार्य अब अन्त्य भएको जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक दयानिधि ज्ञवालीले जानकारी दिनुभयो । तीन सय ८९ थान म्याट्रेस रु २४ लाखको लागतमा खरिद गरेर प्रहरीलाई वितरण गरेका हुन्।

"जिल्लाका १० पालिकाले खरिद गरेर प्रदान गरेको म्याट्रेस अधिकांश प्रहरी युनिटमा पुगिसकेको छ, एउटा जवानदेखि कार्यालय प्रमुखसम्मलाई पुग्नेगरी प्रतिम्याट्रेस रु सात हजारका दरले पालिकाले खरिद गरेर प्रदान गरेका हुन्" उहाँले भन्नुभयो "अब प्रहरी सरुवा भएर आउँदा म्याट्रेस पोको पारेर ल्याउन पर्दैन, प्रहरी युनिटमा नै म्याट्रेस हुन्छ, प्रहरीले जनताको सेवामा खटिँदै गर्दा राम्रोसँग सुत्न आवश्यक छ।" जिल्लाका सबै प्रहरीलाई पुग्ने गरी पालिकाको आर्थिक सहयोगमा एक मुष्ठ म्याट्रेस खरिद गरेर प्रहरी युनिटमा पठाइएको छ।

जनताको सुरक्षाका लागि खटिने प्रहरी चिसो भुइँमा सुत्ने समस्या समाधानका लागि पालिकाबीचको साझेदारीमा म्याट्रेस खरिद गर्ने निर्णयअनुसार जिल्लामा खटिने तीन सय ८९ प्रहरीलाई म्याट्रेस वितरण गरिएको बागलुङ नगरपालिकाका प्रमुख वसन्तकुमार श्रेष्ठले जानकारी दिनुभयो । "प्रहरीलाई अझै समस्या छ, कति भुइँमा सुतेको देखेको छु केही त प्रहरी चौकीमा रित्तो खाट छन्, सरुवा भएर आउँदा प्रहरीलाई म्याट्रेसकै चिन्ता हुन्छ, अब कुनै प्रहरी चौकीमा म्याट्रेस अभाव भएमा नगरपालिकाले दिन्छ" उहाँले भन्नुभयो,"एक प्रहरी एक म्याट्रेस कार्यक्रम हाम्रा लागि सानो होला तर प्रहरीको लागि ठूलो हो, उनीहरूलाई यस्ले धेरै फाइदा हुन्छ प्रहरीको मनोबल बढ्छ।"

जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी तथा प्रहरी निरीक्षक भूपेन्द्र गिरीका अनुसार बागलुङ नगरपालिकाले एक सय थान, गलकोट नगरपालिकाले ४५ थान, ढोरपाटननगरपालिकाले २५ थान, जैमिनी नगरपालिकाले ३० थान, बडिगाड गाउँपालिकाले ३५ थान, काठेखोलागाउँपालिकाले ३५ थान, तमानखोला गाउँपालिकाले १८ थान, ताराखोला गाउँपालिकाले ३० थान, निसीखोला गाउँपालिकाले ३६ थान र बरेङ गाउँपालिकाले ३० थान म्याट्रेस सहयोग गरेका थिए।

# इयुको सहयोग ऊर्जा र ऊर्जा सुरक्षा

**रासस**
**काठमाडौं, २५ माघ**

युरोपेली सङ्घ (इयु) ले नेपाललाई प्रदान गर्ने सहयोगका विविध क्षेत्रमध्ये नवीकरणीय ऊर्जा, ऊर्जा सुरक्षा र स्वच्छ ऊर्जामा पहुँचको विषयलाई प्राथमिकतामा राखेको छ।

नेपालको एक दिने औपचारिक भ्रमणका क्रममा बुधबारयहाँ आइपुग्नुका अन्तर र्राष्ट्रिय साझेदारीका लागि युरोपेली सङ्घका आयुक्त युटा उर्पिलाइनेनले भेटवार्तामा नवीकरणीय ऊर्जाका साथै पानी र सरसफाइ तथा मानव पूँजी विकासलगायतका क्षेत्र प्राथमिकतामा रहेको सम्बन्धमा छलफल गर्नुभएको थियो।

उहाँले बुधबार प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' सँग सिंहदरबारमा भेटवार्ता गर्नुभएको थियो । सो अवसरमा नेपाल-इयु सहकार्यका विविध विषयमा छलफल भएको थियो। त्यसैगरी परराष्ट्रमन्त्री डा विमला राई पौड्यालले उहाँको सम्मानमा दिवाभोजको आयोजना गर्नुभएको थियो । कुराकानीका क्रममा परराष्ट्रमन्त्रीले युरोपेली सङ्घ नेपालको विकास सहायताको प्रमुख साझेदार भएको उल्लेख गर्दै ग्रामीण विकास, नवीकरणीय ऊर्जा, खानेपानी, वन र कृषिलगायतका क्षेत्रमा इयुले गर्दै आएको सहयोगको प्रशंसा गर्नुभएको थियो । आयुक्त उर्पिलाइनेनले इयुले नेपाललाई प्रदान गर्ने नयाँ चरणको बहुवार्षिक सूचक कार्यक्रम (२०२१-२०२७) अन्तर्गत नवीकरणीय ऊर्जा, ऊर्जा सुरक्षा र स्वच्छ ऊर्जामा पहुँच, पानी र सरसफाइका साथै मानव पूँजी विकासलगायत प्राथमिकताका क्षेत्रबारे छलफल गर्नुभएको थियो।

युरोपेली सङ्घले आफ्नो ग्लोबल गेटवे रणनीति प्रस्तुत गर्दै साझेदारसँग डिजिटल, ऊर्जा र यातायात क्षेत्रमा स्मार्ट, स्वच्छ र सुरक्षित लिङ्क बढाउन तथा स्वास्थ्य, शिक्षा र अनुसन्धान प्रणालीलाई सुदृढ गर्न सकारात्मक रहेको जनाएको छ। इयुले नेपालको समावेशी हरित अर्थतन्त्र, मानव विकास सूचकाङ्क र सुशासन प्रवर्द्धनमा सहयोगको विषयलाई प्राथमिकतामा राखेको जनाएको छ । भ्रमणकमा क्रममा आयुक्त उर्पिलाइनेनले पाँच करोड युरो सहयोगको शुभारम्भ गर्नुभएको छ । यसले बालबालिकाको शिक्षामा पहुँच बढाउन र युगअनुसार नेपालमा शिक्षाको गुणस्तर बढाउन योगदान पुग्ने अपेक्षा गरिएको छ।

# सुपरदोर्दी 'ख' आयोजना निर्माण सम्पन्न

**पोखरापत्र संवाददाता**
**लमजुङ, २५ माघ**

पिपुल हाइड्रोपावर कम्पनीद्वारा दोर्दी गाउँपालिका-६ ढोडेनीमा निर्माण गरेको सुपरदोर्दी 'ख' आयोजनाको निर्माण सम्पन्न भएको छ।

कूल ५४ मेगावाट क्षेमताको यस आयोजनाको सबै काम केही दिनअघि सम्पन्न गरेर यतिबेला डिसेन्टरमा पानी जम्मा गर्ने कार्य भइरहेको आयोजनाका साइट इन्चार्ज रमेश सिग्देलले बताउनुभयो । निर्माण सम्पन्नपश्चात् आयोजनाको इन्टेक र डिसेन्टरमा पानी राखेर परीक्षण भइरहेको छ । परीक्षण यही माघ २७ गतेसम्म गरिने र २८ गतेदेखि आयोजनाको मुख्य सुरुङमा पानी हालेर परीक्षण गरिनेछ । मुख्य सुरुङको २०/२२ दिन परीक्षण गरेपछि बिजुली उत्पादन परीक्षण थालिनेछ । पावर हाउसको मेसिन जडानको काम र केबलिङको काम लगायतको बाँकी काम सम्पन्न गर्दै सम्पूर्ण निर्माण सम्पन्न गरेको यस आयोजनाको पाँच दशमलव एक किलोमिटर मुख्य सुरुङ छ। सबै गरेर १० दशमलव तीन सय ५० किलोमिटर सुरुङ मार्ग छ। आयोजनाका अनुसार भारतले गरेको नाकाबन्दी, दोर्दी खोलामा आएको बाढी पहिरो, कोरोना सङ्क्रमण, लकडाउनलगायत कारणले निर्माण अवधि लम्बिएको थियो। आयोजना कूल रु आठ अर्ब ८० करोडको लगानीमा निर्माण कार्य अघि बढे पनि अवधि लम्बिँदा अनुमानित रु १० अर्ब ३९ करोड देखि ५० करोडसम्म पुगेको छ । आयोजनामा सानिमासहित नौ बैंकले ऋण लगानी गरेका छन्। सत्तरी प्रतिशत ऋण लगानी र बाँकी प्रवर्द्धन लगानीमा निर्माण हुँदै आएको छ। आयोजनामा प्रभावित क्षेत्रका जिल्लावासीको मात्र रु २७ करोड लगानी छ। विसं २०७१ मा विद्युत् खरिद सम्झौता (पिपिए) गरी विसं २०७२ असोजबाट निर्माण थालनी गरेको यस आयोजनाले सम्झौताअनुसार विसं २०७५ मा निर्माण सम्पन्न गरिसक्नुपर्ने थियो।

सो निर्धारित समयमा आयोजना सम्पन्न नभएपछि समय थप गर्दै विसं २०७७ असारसम्मको सम्झौता गरिएको थियो । सो अवधिमा समेत निर्माण कार्यमा ढिलाइ भएपछि विसं २०७८ असारसम्म निर्माण सक्ने सम्झौता रहेको थियो । उक्त समय राख्दै पटक पटक म्याद थप्दै गत पुसभित्रै बिजुली उत्पादन गर्ने आयोजनाको लक्ष्य थियो । पानीको बहावमा आधारित यो आयोजनाको कूल ग्रस हेड छ सय ४० मिटर रहनेछ भने वार्षिक करिब ३१ करोड ५० लाख युनिट विद्युत् उत्पादन हुने आयोजनाले जनाएको छ । आयोजनाले सुक्खायाममा आठ रुपैयाँ ४० पैसा र बर्खायाममा चार रुपैयाँ ८० पैसामा विद्युत् खरिद गर्ने (पिपिए) सम्झौता गरिएको छ।


आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो॥

## हार्दिक समवेदना



जन्मः २०२८/०५/१५ गते

स्वर्गारोहणः २०७९/१०/०७ गते
अन्तेष्टीः २०७९/१०/१४

**स्व. मदन कुमार श्रेष्ठ**

यस बाल गोपाल यूवा समितिका सक्रिय सदस्य **मदन कुमार श्रेष्ठ**को कामको शिलशिलामा जापानमा रहनुभएकोमा आकस्मिक अस्वस्थ हुनुभई उपचारकै क्रममा ५१ वर्षको उमेरमा भएको असामयिक स्वर्गारोहणले हामीलाई स्तब्ध गराएको छ । उहाँको दिवंगत आत्माको चिरशान्तिको साथै बैकुण्ठबासको कामना गर्दछौं। साथै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनप्रति पर्न गएको बज्रपातमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस् भनी भगवानसँग प्रार्थना गर्दै हार्दिक समवेदना ब्यक्त गर्दछौं।

**धिरज प्रसाद ढेवाजू**
**अध्यक्ष एवम्**
**बाल गोपाल यूवा समिति परिवार**
**पोखरा-१३, गौडाकोमुख**



आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो॥

## हार्दिक समवेदना



जन्मः २०२८/०५/१५ गते

स्वर्गारोहणः २०७९/१०/०७ गते
अन्तेष्टीः २०७९/१०/१४

**स्व. मदन कुमार श्रेष्ठ**

यस भद्रकाली परोपकार सीं गुठीका अत्यन्त सहयोगी र मिलनसार भाइ **मदन कुमार श्रेष्ठ**को कामको शिलशिलामा जापानमा रहनुभएकोमा आकस्मिक अस्वस्थ हुनुभई उपचारकै क्रममा ५१ वर्षको उमेरमा भएको असमायिक स्वर्गारोहणले हामीलाई स्तब्ध गराएको छ।

उहाँको दिवंगत आत्माको चिरशान्तिको साथै बैकुण्ठबासको कामना गर्दछौं। साथै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनप्रति पर्न गएको बज्रपातमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस् भनी भगवानसँग प्रार्थना गर्दै हार्दिक समवेदना ब्यक्त गर्दछौं।

**दीर्घनारायण श्रेष्ठ**
**नायः**
**तथा भद्रकाली परोपकार सीं गुठी परिवार**
**कुँडहर, पोखरा-१३**